इमेल वेभ साइट: besishaharmun.gov
Email: info @ besishaharmun.gov.n

# वेसीशहर नगरपालिका

फोन नं.-०६६५२०१५०,
फ्याक्स नं. ०६६-५२०२०४

## नगरकार्यपालिकाको कार्यालय , वेसीशहर , लमजुङ

गण्डकी प्रदेश, नेपाल

चं. नं.- ७६१
पं. स.-२०७९/०८०

मिति:- २०७९/०५/२६

---

**विषय:- लागत साझेदारीमा आधारित आयोजनाहरुको माग निवेदन पेश गर्ने सम्वन्धमा ३० दिने सूचना ।।।**

**( प्रथम पटक प्रकाशित मिति :-२०७९/०५/२७ गते । )**

श्री सवै ११ वटै वडा कार्यालय तथा सम्वद्ध सवै उपभोक्ता समिति /संघ सस्था /समूहहरु
वेसीशहर नगरपालिका , लमजुङ ।

यस वेसीशहर नगरपालिकाको चालु आ.व.२०७९/०८० को लागि स्वीकृत वार्षिक कार्यक्रम तथा नगरकार्यपालिकाको मिति २०७९/०५/१३ मा वसेको वैठकको निर्णय वमोजिम लागत साझेदारी तर्फ संचालन हुने देहायका कार्यक्रमहरुको लागी स्थानीय उपभोक्ताहरुबाट माग निवेदन संकलनको लागी यो ३० दिने सूचना प्रकाशित गरिएको व्यहोरा सम्वद्ध सवैमा अनुरोध छ ।

**तपसील :-**

१- लागत साझेदारी अन्तर्गत सडक यातायात तर्फ सडक कालोपत्रे तथा ढलान गर्ने कार्यका लागि रु.७५ लाख रकम विनियोजन भएको र एउटा योजना वा कार्यक्रमका लागी नगरपालिकाबाट ६०% र स्थानीय उपभोक्ताबाट ४०% लागत (खर्च) व्यहोर्नु पर्ने हुंदा इच्छुक उपभोक्ता समिति , संघसंस्था वा स्थानीय समूहले सोही वमोजिम माग निवेदन पेश गर्नु हुन सम्वद्ध सवैमा अनुरोध छ ।

२- सामुदायिक भवन तर्फ रु.३५ लाख वजेट विनियोजन भएको र एउटा योजना वा कार्यक्रमका लागी नगरपालिकाबाट ५०% र समुदाय ( उपभोक्ता समिति/संघसंस्था ) बाट ५०% लागत व्यहोर्नु पर्ने प्रावधान रहेको छ । नगरपालिकाबाट प्रति योजना अधिकतम रु.५ लाखको सिमा निर्धारण गरिएको हुंदा सोही वमोजिम माग निवेदन पेश गर्नु हुन सवैमा अनुरोध छ ।

नि.प्रमुख प्रशासकीय अधिकृत

३- दलित सामुदायिक भवन तर्फ रु.१५ लाख वजेट विनियोजन भएको र सो निर्णय अनुरुप नगरपालिकाबाट ७०% र सम्वन्धित समुदायबाट ३०% लागत व्यहोर्नु पर्ने भएकोले प्रति भवन अधिकत्तम सीमा रु.५ लाख रकमको सिमा भित्र रहेर योजनाको माग निवेदन पेश गर्नु हुन अनुरोध छ ।

४- माग निवेदन दर्ता गर्ने अन्तिम मिति यो सूचना प्रकाशित भएको मितिले ३० दिनसम्मका लागी कायम गरिएको , अर्थात २०७९/०६/२७ गतेसम्ममा आफ्नो माग निवेदन दर्ता गरिसक्नु पर्नेछ ।

५- यस सूचनाका सम्वन्धमा थप जानकारी लिनु परेमा कार्यालयको योजना शाखामा सम्पर्क राख्नु हुन समेत अनुरोध छ ।

**६- निवेदनका साथ पेश गर्नु पर्ने कागजातहरुः -**

६.१-संस्था / उपभोक्ता समिति वा आम भेलाको निर्णय ।

६.२-सम्वन्धित वडाको सिफारिसपत्र ।

६.३- लागत अनुमान तयार भएको भए सो समेत ।

६.४- निवेदनमा आफ्नो सम्पर्क नम्वर उल्लेख गर्नु पर्ने ।

२०७९/५/२८

नि.प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत